# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

**निमार्ण कार्य खरिद सम्बन्धी विद्युतीय दरभाउपत्र आव्हानको सूचना।**
**(दोस्रो पटक प्रकाशित मिति २०८१/०७/१४)**

यस कार्यालयको चालु आ.व.२०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यहरु विद्युतीय दरभाउपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने हुँदा सोको लागि विद्युतीय दरभाउपत्र पेश गर्न योग्य तथा ईच्छुक फर्महरुले व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व.२०८०।८१ को कर चुक्ता प्रमाण पत्र समेतको प्रतिलिपि संलग्न गरी तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही विद्युतीय दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. दरभाउपत्रदाताले यस कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp प्रणालिको www.bolpatra.gov.np /egp बाट दरभाउपत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ।

२. दरभाउपत्र सम्बन्धि कागजात वापतको दस्तुर तल उल्लिखित बैंकमा दाखिला गरेको भौचर स्क्यान प्रति( pdf format) e-GP पोर्टलमा अपलोड गरी दरभाउपत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov .np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**<u>दरभाउपत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :</u>**

बैकको नाम: राष्ट्रिय वाणिज्य वैक शाखा कार्यालय ओखलढुंगा
कार्यालयको नाम: सिद्धिचरण नगरकार्यपालिका ओखलढुंगा बैक खाता नं.: २०७०१००३०१०१०००३
राजश्व कोड : १४२१३ कार्यालय कोड : ८०१०११००१

३. दरभाउपत्रदाताहरुले दरभाउपत्रहरु विद्युतीय रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल www.bolpatra.gov.np /egp मार्फत तपसिलको मिति, समय भित्र पेश गरिसक्नु पर्नेछ। उल्लेखित मिति र समय पछि प्राप्त दरभाउपत्र स्वीकार हुने छैन।

४. तोकिएको समय भित्र प्राप्त हुन आएका विद्युतीय दरभाउपत्र दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा ( बोलपत्रदाता वा प्रतिनिधि नभएपनि ) सोही दिनको २:०० बजे देखि यस कार्यालयमा खोलिने छ।

५. दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट "क"वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य अवधि बोलपत्र मान्य हुने अवधि भन्दा दरभाउपत्रको हकमा कम्तिमा पनि ७५ दिन बढीको हुनु पर्नेछ।

६. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको लगतै पछि कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समय अनुसारनै दरभाउपत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ। यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिने छ।

७. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

८. यो सूचनामा स्पष्ट नभएका कुराहरुको हकमा सावर्जनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ।

९. खरिद गरिने मालसामानहरुको स्पेसिफिकेसन सम्बन्धी जानकारी लागी यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np/र Bid Docupment मा उपलब्धछ।

**तपसिल**

| ठेक्का नं | विवरण | लागत अनुमान ( मु.अ.क.सहित) | बोलपत्र/ दरभाउ पत्र फारम दस्तुर | जमानत रकम | बोलपत्र/दरभाउपत्र पेश गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|
| Works/SQ/05/2081/82 | फलैचा निर्माण सि.न.पा. ११ रामबजार | १०,४९,६९६/९५ | १,०००/- | २७,०००/- | २०८१/०७/२९ |

निमित्त प्रमुख प्रशासकीय अधिकृत